**गौशाला नगरपालिका**

# स्थानीय राजपत्र

खण्ड: १०    संख्या: १    मिति: २०८३।०१।१६ गते

**भाग-२**

## गौशाला नगरपालिका

### विद्यालय शिक्षा संचालन, व्यवस्थापन तथा नियमन सम्वन्धि कार्यविधि (पहिलो संसोधन), २०८३

गौशाला नगरपालिकाको विद्यालय शिक्षा संचालन,व्यवस्थापन तथा नियमन सम्वन्धि कार्यविधि, २०८२ लाई संसोधन गर्न वान्छनीय भएकोले गौशाला नगरपालिका, नगर कार्यपालिकाको मिति २०८३/०१/०९ गतेको निर्णयानुसार यो कार्यविधी जारी गरेको छ ।

**विद्यालय शिक्षा संचालन, व्यवस्थापन तथा नियमन सम्वन्धि कार्यविधि (पहिलो संसोधन), २०८३**

**प्रस्तावना :-**

गौशाला नगरपालिकाको विद्यालय शिक्षा संचालन,व्यवस्थापन तथा नियमन सम्वन्धि कार्यविधि, २०८२ लाई संसोधन गर्न वाञ्छनीय भएकोले गौशाला नगरपालिका, नगर कार्यपालिकाको मिति २०८३/०१/०९ गतेको निर्णयानुसार यो कार्यविधी जारी गरेको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भ :-**

(१) यस कार्यविधिको नाम "**विद्यालय शिक्षा संचालन,व्यवस्थापन तथा नियमन सम्वन्धि कार्यविधि (पहिलो संसोधन)**, २०८३" रहेकोछ ।

(२) यो कार्यविधि गौशाला नगरपालिका क्षेत्रभर लागु हुनेछ ।

(३) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

**२. विद्यालय शिक्षा संचालन,व्यवस्थापन तथा नियमन सम्वन्धि कार्यविधि, २०८२ मा "विद्यालय शिक्षा सञ्चालन, व्यवस्थापन तथा नियमन सम्बन्धि कार्यविधि, २०७५" उल्लेख भएको स्थानहरूमा "विद्यालय शिक्षा सञ्चालन, व्यवस्थापन तथा नियमन सम्बन्धि कार्यविधि, २०८२" भनी संसोधन भएका छन् ।**

**३. विद्यालय शिक्षा सञ्चालन, व्यवस्थापन तथा नियमन सम्बन्धि कार्यविधि, २०८२ को दफा १२ को (३) मा संसोधन:** विद्यालय शिक्षा सञ्चालन, व्यवस्थापन तथा नियमन सम्बन्धि कार्यविधि, २०८२ को दफा १२ को (३) मा देहाय अनुसार संसोधन भएका छन् ।

(३) आवेदन शुल्क निवेदन साथ बुझाउनु पर्नेछ। तर आवेदन शुल्क, कक्षा थप दस्तुर, नयाँ विद्यालय अनुमति दस्तुर र धरौटी रकम नबुझाएको विद्यालयले एकपटकको लागि वुझाउन पाउनेछ।

**आज्ञाले,**
**ओम बहादुर अधिकारी**
**प्रमुख प्रशासकीय अधिकृत**